# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, बैशाख २५ गते, २०८२ साल (सङ्ख्या ०१


## भाग ३

### गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) (पहिलो संशोधन) कार्यविधि, २०८१**

**प्रस्तावना**ः स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) (पहिलो संशोधन) कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ को प्रस्तावनामा संशोधनः** स्थानीय न्यायिक सहजकर्ता (छनौट तथा परिचालन) कार्यविधि, २०८१ (यसपछि मूल कार्यविधि भनिएको) को प्रस्तावनामा रहेका “कानून सेवा” भन्ने शब्दहरुको सट्टा “न्याय सेवा” भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल कार्यविधिको दफा ४ मा संशोधनः** मूल कार्यविधिको दफा ४ को सट्टा देहायबमोजिमको दफा ४ राखिएको छः-

“४. **न्यायिक सहजकर्ताको न्यूनतम योग्यताः** यस कार्यविधि बमोजिम न्यायिक सहजकर्ताको उम्मेद्वार हुन देहाय बमोजिमको न्यूनतम योग्यता भएको हुनु पर्नेछः-

(क) नेपाली नागरिक,

(ख) कानूनमा स्नातक तह उत्तीर्ण गरेको,

(ग) एक्काइस वर्ष उमेर पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) प्रचलित कानूनले अयोग्य नभएको।”

४. **मूल कार्यविधिको दफा ५ मा संशोधनः** मूल कार्यविधिको दफा ५ को उपदफा (२) मा रहेका “एक्काइस दिन” भन्ने शब्दहरुको सट्टा “पन्ध्र दिन” भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल कार्यविधिको दफा ६ मा संशोधनः** मूल कार्यविधिको दफा ६ को सट्टा देहायबमोजिमको दफा ६ राखिएको छः-

“६. **मूल्याङ्कनको आधार**ः यस कार्यविधि बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा कुल अङ्क एक सयमा नबढ्ने गरी दफा ७ बमोजिमको समितिले मूल्याङ्कन गरी करार सम्झौताका लागि मन्त्रालयमा सिफारिस गर्नेछः-

**(क) शैक्षिक योग्यता बापत - २५ (पच्चीस) अङ्क**

(१) न्यूनतम शैक्षिक योग्यता (कानूनमा स्नातक) बापत - १५ (पन्ध्र) अङ्क

(२) माथिल्लो शैक्षिक योग्यता बापत - अधिकतम १० (दश) अङ्क

(क) कानूनमा स्नातकोत्तर गरेको भए - १० (दश) अङ्क

(ख) अन्य विषयमा स्नातकोत्तर गरेको भए
- ५ (पाँच) अङ्क

**(ख)** **<u>व्यावसायिक प्रमाणपत्र बापत</u>** - **अधिकतम ५ (पाँच) अङ्क**

(१) कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको
- ५ (पाँच) अङ्क

(२) लेखापढी व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको
- २ (दुई) अङ्क

**(ग)** **<u>बासिन्दाको आधार</u>** **- अधिकतम १० (दश) अङ्क**

(१) गण्डकी प्रदेशभित्रको बासिन्दा भएमा -१० (दश) अङ्क

(२) गण्डकी प्रदेश बाहिरको बासिन्दा भएमा-५ (पाँच) अङ्क

**(घ)** **<u>मेलमिलापकर्ताको आधारभूत तालिम लिएको भए:</u>**
**- ५ (पाँच) अङ्क**

**(ङ)** **<u>कानून तथा न्यायको क्षेत्रमा काम गरेको अनुभवको आधार:</u>**
**- अधिकतम ५ (पाँच) अङ्क**

(१) एक वर्षसम्म काम गरेको भए - १ (एक) अङ्क

(२) एक वर्षदेखि पाँच वर्षसम्म काम गरेको भए
- ३ (तीन)अङ्क

(३) पाँच वर्षभन्दा बढी काम गरेको भए - ५ (पाँच) अङ्क

**(च)** **<u>अन्तर्वार्ता:</u>** (व्यक्तित्व, विषयवस्तुको ज्ञान, समस्या समाधानको कौशल, सकरात्मक सोच, नेतृत्व क्षमता तथा सृजनशीलता/प्रस्तुती कला) **- ५० (पचास) अङ्क**

**<u>स्पष्टीकरण:</u>**

(क) अन्तर्वार्ता वापत न्यूनतम चालीस प्रतिशत र अधिकतम सत्तरी प्रतिशतको सीमाभित्र रही अङ्क प्रदान गर्नु पर्नेछ। सत्तरी प्रतिशतभन्दा बढी अङ्क दिनुपरेमा स्पष्ट कारण खुलाउनु पर्नेछ । यसरी अन्तर्वार्ता समितिका सदस्यले छुट्टा-छुट्टै प्रदान गरेको अङ्कलाई औसतमा गणना गरी उम्मेद्वारले (क) देखि (ङ) सम्मको आधार वापत प्राप्त गरेको अङ्कमा जोडी अन्तिम नतिजा तयार गर्नु पर्नेछ।

(ख) बासिन्दाको आधार लिंदा उम्मेद्वारले पेश गरेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (हालको ठेगाना

परिवर्तित भएको भए सोहीबमोजिम) र बसाईसराईको हकमा बसाईसराइको प्रमाणपत्रलाई मान्नुपर्नेछ।"

६. **मूल कार्यविधिको दफा ७ मा संशोधनः** मूल कार्यविधिको दफा ७ को सट्टा देहायबमोजिमको दफा ७ राखिएको छः-

"७. **छनौट तथा सिफारिस समितिः** (१) यस कार्यविधि बमोजिम आवेदन पेश गरेका उम्मेदवारबाट न्यायिक सहजकर्ता छनौट गरी करार सम्झौताका लागि सिफारिस गर्न देहायको एक छनौट तथा सिफारिस समिति रहनेछः-

(क) महाशाखा प्रमुख, बैठक तथा प्रशासन महाशाखा, मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख वा शाखा प्रमुख, संवैधानिक मामिला तथा कानून महाशाखा, मन्त्रालय -सदस्य

(ग) महाशाखा प्रमुख वा शाखा प्रमुख, शासकीय सुधार तथा समन्वय महाशाखा, मन्त्रालय -सदस्य

(घ) सचिव वा कम्तीमा नवौं तहको अधिकृत प्रतिनिधि,आर्थिक मामिला मन्त्रालय -सदस्य

(ङ) मन्त्रालयले तोकेको एक जना विषय विज्ञ -सदस्य

(२) समितिको सचिवालय मन्त्रालयमा रहनेछ । मन्त्रालयको प्रशासन शाखा प्रमुखले समितिको सचिवको रुपमा काम गर्नेछ ।

(३) समितिले उम्मेद्वारहरुको दरखास्त रुजु गर्ने तथा दफा ६ बमोजिम अन्तर्वार्ता बाहेकका अन्य आधार अनुसार मूल्याङ्कन गरी समिति समक्ष प्रारम्भिक सूची पेश गर्न एक उपसमिति गठन गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम गठित उपसमितिले पेश गरेको प्रारम्भिक सूचीका आधारमा समितिले अन्तर्वार्ताका लागि मिति, समय र स्थान तोकी उम्मेद्वारहरुको लामो सूची प्रकाशन गर्नुपर्नेछ।

(५) अन्तर्वार्ता समितिले आवश्यकता अनुसार सिफ्ट (उम्मेद्वारको सङ्ख्या) निर्धारण गरी अन्तर्वार्ता लिन सक्नेछ।

(६) अन्तर्वार्ता हुनुपूर्व उम्मेद्वारलाई आफूले काम गर्न चाहेको स्थानीय तह रोज्ने गरी प्राथमिकता फाराम भराउनु पर्नेछ ।"

७. **मूल कार्यविधिको दफा ८ मा संशोधनः** मूल कार्यविधिको दफा ८ को सट्टा देहाय बमोजिमको दफा ८ राखिएको छः-

"८. **<u>सिफारिस गर्नुपर्नेः</u>** (१) दफा ६ बमोजिम प्राप्त गरेको अङ्क र निजले दफा ७ को उपदफा (६) बमोजिम रोजेको स्थानीय तहको प्राथमिकता समेतका आधारमा छनौट भएका उम्मेदवारलाई समितिले उम्मेदवारको रोल नम्बर, नाम थर, ठेगाना, सिफारिस गरिएको स्थानीय तह सहित एकमुष्ट योग्यताक्रम अनुसारको नतिजा प्रकाशन गरी करार सम्झौताका लागि मन्त्रालयमा सिफारिस गर्नु पर्नेछ।

तर, दफा ६ बमोजिम कुल प्राप्ताङ्क गणना गर्दा उम्मेदवारको प्राप्ताङ्क बराबर हुन आएमा देहाय अनुसार योग्यताक्रम कायम गरी सिफारिस गर्नुपर्नेछः-

(क) न्यूनतम शैक्षिक योग्यताको बढी प्राप्ताङ्क प्रतिशत/अङ्कका आधारमा,

(ख) खण्ड (क) बमोजिम योग्यताक्रम निर्धारण हुन नसके निकटतम माथिल्लो शैक्षिक योग्यताको बढी प्राप्ताङ्क प्रतिशत/अङ्कका आधारमा,

(ग) खण्ड (क) र (ख) समेतको आधारमा योग्यताक्रम निर्धारण हुन नसकेमा उमेरको ज्येष्ठताका आधारमा।

(२) उपदफा (१) बमोजिम योग्यताक्रम प्रकाशन गर्दा प्रदेशभित्रको कूल माग संख्याको पचास प्रतिशत संख्यामा थप गरी वैकल्पिक उम्मेद्वारको सूची प्रकाशन गर्नु पर्नेछ र सिफारिस भएका उम्मेदवारको सूचीसहितको विवरण मन्त्रालयको वेभसाइट तथा सूचना पाटीमा प्रकाशन गर्नुपर्नेछ ।

तर, आवेदन नै कम परेको अवस्थामा कम उम्मेदवारको नामावली प्रकाशन गर्न बाधा पर्ने छैन।

(३) उम्मेद्वारको सिफारिस गर्दा आवेदकहरुको अन्तर्वार्ता सम्पन्न भएपछि मात्र अन्तरवार्ता र अन्य मूल्याङ्कनको आधारमा प्राप्त गरेको अङ्कलाई जोडी योग्यताक्रम निर्धारण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम योग्यताक्रममा रहेका उम्मेद्वारमध्ये छनौट भएका उम्मेद्वारहरुलाई यथाशीघ्र छिटो माध्यमबाट जानकारी गराउनु पर्नेछ।"

८. **मूल कार्यविधिको दफा ९ मा संशोधनः** मूल कार्यविधिको दफा ९ को सट्टा देहायबमोजिमको दफा ९ राखिएको छः-

"९. **करार सम्झौता गर्नुपर्नेः** (१) दफा ८ बमोजिम सिफारिस भएका उम्मेद्वारलाई मन्त्रालयले सात दिनभित्र दफा ३ को उपदफा (१) बमोजिमको कार्य विवरण सहित अनुसूची- ३ बमोजिमको ढाँचामा करार सम्झौता गरी सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र करार सम्झौता गर्न नआउने उम्मेद्वारलाई मन्त्रालयले सिफारिस सूचीबाट हटाई पाँच दिनको समय दिई वैकल्पिक उम्मेद्वारलाई सिफारिसका लागि निवेदन दिन सूचना आव्हान गर्नुपर्नेछ ।

(३) उपदफा (२) को अवधिभित्र निवेदन दिने वैकल्पिक उम्मेद्वारलाई योग्यताक्रमका आधारमा सिफारिस गरी करार सम्झौता गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम सूचना गर्दा बैकल्पिक उम्मेद्वारको निवेदन पर्न नआएमा वा बैकल्पिक सूचीमा उम्मेद्वार बाँकी नरहेमा सिफारिस भएका र बैकल्पिक सूचीमा रहेका उम्मेद्वार बाहेक अन्तर्वार्तामा सहभागी भएका अन्य उम्मेद्वारहरु मध्येबाट मन्त्रालयले करार सम्झौता गरी स्थानीय तहमा पठाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिम समेत न्यायिक सहजकर्ता उपलब्ध हुन सक्ने अवस्था नभएमा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा मन्त्रालयले पुनः सूचना प्रकाशन गरी कार्यविधि अनुसारको छनौट एवम् सिफारिसको प्रक्रियाबाट छनौट गर्न सक्नेछ।

तर, आर्थिक वर्ष २०८१/८२ को हकमा सो आर्थिक वर्षमा सञ्चालित छनौट प्रक्रियाको अन्तर्वार्तामा सहभागी भएका उम्मेदवारहरुमध्ये सिफारिस भएका उम्मेदवार बाहेकका अन्य उम्मेदवारहरुमध्येबाट बढीमा सात दिनको सूचना आव्हान गरी

स्थानीय तहसँगको समन्वयमा मन्त्रालयले करार सम्झौता गरी स्थानीय तहमा खटाउन बाधा पर्ने छैन।

(६) यस दफा बमोजिम सम्झौता गरी पठाइएको न्यायिक सहजकर्तालाई सम्बन्धित स्थानीय तहले आफ्नो कार्यालयमा हाजिर गराई कार्यविवरण अनुसार काममा लगाउनु पर्नेछ र सोको जानकारी मन्त्रालयलाई दिनु पर्नेछ।

(७) यस कार्यविधि बमोजिम करार सम्झौता गर्दा प्रत्येक आर्थिक वर्षको असार मसान्तसम्मका लागि मात्र गर्नु पर्नेछ।

(८) न्यायिक सहजकर्तालाई सम्बन्धित स्थानीय तहको सिफारिसमा अर्को आर्थिक वर्षका लागि पुनः करार सम्झौता गरी काममा लगाउन सकिनेछ ।"

९. **मूल कार्यविधिको दफा १० मा संशोधनः** मूल कार्यविधिको दफा १० को सट्टा देहायबमोजिमको दफा १० राखिएको छः-

"**१०. <u>कार्य शर्त र पारिश्रमिक</u>:** (१) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका न्यायिक सहजकर्ताले अधिकृत सातौं वा सो सरहको शुरु तलब स्केल बराबर करार सम्झौतामा उल्लेख भए बमोजिमको मासिक पारिश्रमिक एवम् चाडपर्व खर्च र पोशाक भत्ता पाउनेछ।

तर, न्यायिक सहजकर्ताले चाडपर्व खर्च र पोशाक भत्ता करार सम्झौता गरी काम गरेको छ महिना अवधि व्यतित भएपछि मात्र पाउनेछ।

(२) सम्बन्धित स्थानीय तहले उपदफा (१) बमोजिमको पारिश्रमिक अनुसूची -४ बमोजिमको मासिक रुपमा प्रगति विवरण सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त हुने प्रगति विवरण र न्यायिक सहजकर्ताको मासिक हाजिरी विवरण प्रमुख प्रशासकीय अधिकृतले मन्त्रालयमा पठाउनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरण प्राप्त भएपछि उपदफा (४) बमोजिम प्रदेश सरकारले साझेदारी गर्ने रकम मन्त्रालयले र सम्बन्धित स्थानीय तहले साझेदारी गर्ने रकम सम्बन्धित स्थानीय तहले बैङ्क मार्फत् न्यायिक सहजकर्तालाई भुक्तानी गर्नु पर्नेछ।

(४) न्यायिक सहजकर्ताको लागि आवश्यक पर्ने पारिश्रमिक बराबरको रकममा गाउँपालिकाको हकमा कम्तीमा १५ प्रतिशत देखि २० प्रतिशत सम्म र नगरपालिकाको हकमा कम्तीमा २५ प्रतिशत देखि ४० प्रतिशत सम्म सम्बन्धित स्थानीय तहले समेत साझेदारी गर्नुपर्नेछ। साझेदारीको अनुपात मन्त्रालय र सम्बन्धित स्थानीय तहबीच आपसी समझदारीमा तय गरिनेछ ।

(५) न्यायिक सहजकर्तालाई पारिश्रमिक, चाडपर्व खर्च र पोशाक भत्ता बाहेक अन्य भत्ता एवम् सुविधा सम्बन्धित स्थानीय तहले उपलब्ध गराउन सक्नेछ।

(६) यस कार्यविधि बमोजिम कुनै न्यायिक सहजकर्ताले करारमा काम गरेकै आधारमा कुनै पनि सरकारी पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन।"

१०. **मूल कार्यविधिको अनुसूची - १ मा संशोधनः** मूल कार्यविधिको अनुसूची - १ को सट्टा यसैसाथ संलग्न अनुसूची -१ राखिएको छ ।

११. **मूल कार्यविधिको अनुसूची - २ मा संशोधनः** मूल कार्यविधिको अनुसूची - २ को सट्टा यसैसाथ संलग्न अनुसूची - २ राखिएको छ ।

अनुसूची - १

(दफा ५ को (२) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा

**न्यायिक सहजकर्ताका लागि दरखास्त आह्वानको सूचना**

(सूचना प्रकाशित मिति : २०८..../.../...)

गण्डकी प्रदेश भित्रका गाउँपालिका तथा नगरपालिकाको लागि न्यायिक सहजकर्ता छनौट गरी करार सम्झौता गराई कार्य गराउनुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा आवेदन दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसको फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण मन्त्रालयको वेवसाइट ocmcm.gandaki.gov.np मा उपलब्ध हुनेछ।

**१. सूचना नं.**

| पद | माग संख्या |
|---|---|
| न्यायिक सहजकर्ता | |

**२. योग्यताः**

(क) नेपाली नागरिक,

(ख) कानून विषयमा स्नातक तह उत्तीर्ण गरेको,

(ग) एक्काइस वर्ष उमेर पूरा भई अन्ठाउन्न वर्ष ननाघेको,

(घ) प्रचलित कानूनले अयोग्य नभएको।

**३. छनौटका आधारहरुः**

(क) न्यूनतम शैक्षिक योग्यता

(ख) माथिल्लो शैक्षिक योग्यता

(ग) व्यावसायिक प्रमाणपत्र

(घ) बासिन्दाको आधार

(ङ) मेलमिलापकर्ताको तालिम

(च) कानून तथा न्यायको क्षेत्रको कार्य अनुभव

(छ) अन्तरवार्ता।

**४. आवेदनसाथ संलग्न गर्नु पर्नेः**

उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभव तथा तालिमको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम परिषद् वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ। पेश गरिने सबै प्रतिलिपिको पछाडि उम्मेदवार स्वयम्ले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

अनुसूची - २

(दफा ५ को उपदफा (४) सँग सम्बन्धित)

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

पोखरा

**<u>आवेदन फारामको ढाँचा</u>**

(क) वैयक्तिक विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठूलो अक्षरमा) | | लिङ्गः |
| | नागरिकता नंः | | जारी गर्ने जिल्लाः | मितिः |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./ गा.पा. | | ग) वडा नं. |
| | घ) टोलः | ङ) मार्ग/घर नं.: | | च) फोन नं. |
| पत्राचार गर्ने ठेगानाः | | | | ईमेल |
| बाबुको नाम, थरः | | जन्म मितिः (वि.सं.मा) (ईस्वी सम्वतमा) | | |
| बाजेको नाम, थरः | | | हालको उमेरः वर्ष महिना | |

(ख) शैक्षिक योग्यता/तालिम (आवेदन फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता तथा माथिल्लो शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने)

| **आवश्यक योग्यता** | **विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था** | **शैक्षिक उपाधि/तालिम** | **संकाय** | **श्रेणी/प्रतिशत** | **मूल विषय** |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) अनुभव सम्बन्धी विवरण

| **कार्यालय/संस्था/ परिषद** | **पद** | **सेवा/समूह/उपसमूह** | **श्रेणी/तह** | **स्थायी/अस्थायी/करार** | **अवधि** | |
|---|---|---|---|---|---|---|
| | | | | | **देखि** | **सम्म** |
| | | | | | | |
| | | | | | | |

(घ) व्यावसायिक प्रमाणपत्र नं.(भएमा उल्लेख गर्ने)................

मैले यस आवेदनमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन्। आवेदन बुझाएको पदको सूचनाको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन। कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु/बुझाउनेछु। उम्मेदवारले पालना गर्ने भनी प्रचलित कानून तथा यस आवेदन फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु। साथै करारमा उल्लेखित शर्तहरु पूर्ण रूपमा पालना गर्नेछु र करारको समयभन्दा अगावै करारको अन्त्य गर्दा कम्तीमा एक महिनाको पूर्व सूचना दिई कार्यालयमा निवेदन दिनेछु।

<table>
<tr><td colspan="2">उम्मेदवारको ल्याप्चे सहीछाप</td><td rowspan="3">उम्मेदवारको दस्तखत</td></tr>
<tr><td>दायाँ</td><td>बायाँ</td></tr>
<tr><td rowspan="2"></td><td rowspan="2"></td></tr>
<tr><td>मितिः</td></tr>
<tr><td colspan="3">कार्यालयले भर्नेः</td></tr>
<tr><td colspan="3">दर्ता नं.:</td></tr>
<tr><td colspan="3">आवेदन अस्वीकृत भए सो को कारणः</td></tr>
<tr><td colspan="2">आवेदन रुजू गर्नेको नाम र दस्तखतः<br>मितिः</td><td>आवेदन स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत<br>मितिः</td></tr>
</table>

द्रष्टव्यः आवेदन साथ सूचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रूपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(२) समकक्षता र सम्बद्ध आवश्यक पर्नेमा सो को प्रतिलिपि,

(३) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, कानून व्यवसायिक प्रमाणपत्र (भएमा) को प्रतिलिपि, मेलमिलापकर्ताको प्रमाणपत्र (भएमा), अनुभवको प्रतिलिपि(भएमा) ।

आज्ञाले,
बाबुराम गौतम
प्रदेश सरकारको सचिव ।

मुद्रक: गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु.१००।-